आकाशवाणी

## Sunday 26-10-25

मुख्य समाचार----

- छठको महापर्व  संस्कृति, प्रकृति र समाज बीचको गहिरो एकताको प्रतीक रहेको   प्रधानमन्त्रीको भनाई
- उपराष्ट्रपति दुई दिनको यात्रामा सेशेल्स प्रस्थान गर्नुभयो
- बिहार विधानसभा चुनावमाका लागि विपक्ष र सत्तारूढ गठबन्धनले गरिरहेका छन्  विभिन्न प्रकारका प्रतिज्ञाहरू
- दुई हजार पचिसको राष्ट्रीय विज्ञान पुरस्कारको  गरिएकोछ घोषणा , अनि
- वाणिज्य र उद्योग मन्त्री भोलीदेखी दुई दिने यात्रामा  बेल्जियमको ब्रुसेल्स जानुहुने

-----------

### 21-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, छठको महापर्व संस्कृति, प्रकृति र समाज बीचको गहिरो एकताको प्रतीक हो। आकाशवाणीमा मन की बात कार्यक्रममा आज प्रधानमन्त्रीले छठमा सबैलाई विशेष रूपले बिहार, झारखण्ड र पूर्वांचलका मानिसलाई शुभकामना दिनुभयो । उहाँले भन्नुभयो, समाजका प्रत्येक वर्गले छठ घाटहरूमा एक साथ आएर भारतको सामाजिक एकताको सबैभन्दा सुन्दर उदाहरण प्रस्तुत गर्दछन् ।  श्री मोदीले भन्नुभयो, पूरा देश उत्सवको  भावनामा

डूबेको छ र श्रद्धा, स्नेह तथा परम्पराको संगम देख्न मिलिरहेकोछ । उहाँले छठमा महिलाहरूको व्रत राख्ने समर्पण र निष्ठालाई प्रेरणादायक बताउनुभयो। श्री मोदीले भन्नुभयो, अपरेशन सिन्दूरले प्रत्येक भारतीयलाई गौरवान्वित गरेको छ।

उहाँले भन्नुभयो, यस पल्ट एक समय माओवादी आतङ्कले प्रभावित इलाकाहरूमा पनि खुशीको दियो जलाइयो । उहाँले भन्नुभयो, मानिसले आफ्नो नानीहरूको भविष्यलाई खतरामा पार्ने माओवादी आतङ्कलाई पूर्ण रूपले उन्मूलन चाहान्छन् । प्रधानमन्त्रीले वस्तु र सेवा कर - जीएसटी बचत उत्सवलाई लिएर मानिसको  उत्साहमा खुशी व्यक्त गर्नुभयो भने चाडपर्वको समयमा स्वदेशी वस्तुहरूको राम्रो खरीदारीमा पनि खुशी जताउनुभयो । उहाँले स्वच्छताको प्रयास संग  सम्बन्धित देशका विभिन्न शहरका केही प्रेरक कहानीहरूको उल्लेख पनि गर्नुभयो ।

37 प्रधानमंत्री आसियान

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो , एकाइसौं सदी भारत र आसियानको सदी हो। मलेशियामा आसियान-भारत शिखर सम्मेलनलाई वर्चुअल माध्यमले सम्बोधन गर्दै, श्री मोदीले भन्नुभयो, भारत र आसियान मिलेर विश्वको लगभग एक-चौथाई आबादीको प्रतिनिधित्व गर्छ। । उहाँले भन्नुभयो, भारत र आसियान केवल भौगोलिक रूपले मात्र न जोड़ीएर , बलियो ऐतिहासिक सम्बन्ध र

साझा मूल्यको सूत्रमा पनि ब ाध ीएकोछ ।

## 16 सेशेल्स के उपराष्ट्रपति

उपराष्ट्रपति सी.पी. राधाकृष्णन द ुई दिनको यात्रामा सेशेल्स प्रस्थान गर्नुभयो । उहाँ सेशेल्सका नवनिर्वाचित राष्ट्रपति ड ा. पैट्रिक हर्मिनीको शपथ ग्रहण समारोहमा शाम ेल ह ुनुहुनेछ । यस अन्तर्गत उहाँले ड ा. हर्मिनीलाई भारतको तर्फबाट शुभकामना द िनुहुनेछ र दुबै देश बीच घनिष्ठ र दीर्घकालिक सम्बन्धलाई पुष्टि गर्नुहुनेछ । विदेश मन्त्रालयले एउटा बयानमा भन्यो, सेशेल्स भारतको विज़न 'महासागर' अन्तर्गत एउटा महत्वपूर्ण साझेदार ह ो। यस यात्राले सेशेल्सको साथ साझेदारी बलियो गर्ने र यसक ो विस्तार गर्ने प्रति भारतको गह िर ो प्रतिबद्धता प्रदर्शन हुन्छ ।

## 27-बिहार चुनाव प्रचार दिवस

बिहार विधानसभा चुनावमा मतदाताहरूलाई आफ्नो पक्षमा गर्नका लागि विपक्ष र सत्तारूढ गठबन्धनले विभिन्न प्रकारका प्रतिज्ञा गरिरहेका छन् । महागठबन्धनको मुख्यमन्त्री पदका उम्मीदवार तेजस्वी प्रसाद यादवले आज पटनामा भन्नुभयो, यदी उहाँको सरकार सत्तामा आयो भने , पन्चायती राज प्रतिनिध ीहरूलाई पचास लाख रुप िय ाँको बीमा कवरेज दिइनेछ । उहाँले घोषणा गर्नुभयो मुखिया, सरपन्च र अन्य पन्चायत प्रतिनिध ीहरूलाई मानदेय द ुई गुना गरिनेछ । भाजपाका वरिष्ठ नेता र केन्द्रीय गृह मन्त्री अमित शाहले भन्नुभयो, केवल

एन.डी.ए –को डबल इन्जन भएको सरकारले नै बिहारलाई विकासको मार्गमा लैजान सक्छ। उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदी र मुख्यमन्त्री नीतीश कुमारले एउटा नयाँ बिहारको निर्माणको सपना देख्नुभएकोछ।......

## राष्ट्रीय विज्ञान पुरस्कार

दुई हजार पचिसको राष्ट्रीय विज्ञान पुरस्कारको आज घोषणा गरिएकोछ। प्रोफेसर जयन्त विष्णु नार्लीकरलाई मरणोपरान्त विज्ञान रत्न पुरस्कार दिइनेछ। विज्ञान श्री पुरस्कारका लागि आठ वैज्ञानिकहरूलाई चयन गरिएकोछ। विज्ञान युवा श्रेणी अन्तर्गत, विभिन्न विषयमा चौध युवा वैज्ञानिकहरू चयन गरिएको छ, भने विज्ञान टीम पुरस्कार, कृषि विज्ञानमा योगदानका लागि टीम अरोमा मिशन, वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषदलाई दिइदैछ।

यो पुरस्कार विज्ञान, प्रौद्योगिकी र नवाचारमा विशेष योगदानका लागि चार श्रेणिहरू - विज्ञान रत्न, विज्ञान श्री, विज्ञान युवा-शान्ति स्वरूप भटनागर र विज्ञान टीम - अन्तर्गत प्रदान गरिन्छ।

## 34 गोयल - ब्रुसेल्स यात्रा

वाणिज्य र उद्योग मन्त्री पीयूष गोयल भोलीदेखी दुई दिनको यात्रामा बेल्जियमको ब्रुसेल्स जानुहुनेछ। श्री गोयल यूरोपीय संघको कार्यकारी उपाध्यक्ष र यूरोपीय व्यापार आयुक्त मारोस सेफ्कोविक-का साथ चर्चा गर्नुहुनेछ। यो यात्रा

भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता –एफ.टी.ए-मा जारी वार्ताको एक महत्वपूर्ण चरणमा हुँदैछ, किनभने दुबै पक्ष एक व्यापक, सन्तुलित र पारस्परिक रूपले लाभकारी व्यापार समझौतालाई अन्तिम रूप दिने प्रयासलाई तेज गरिरहेका छन् । यसको उद्देश्य वार्तालाई रणनीतिक दिशा र राजनीतिक गति दिनु हो ।

यस अन्तर्गत प्रस्तावित एफ.टीए-को प्रमुख क्षेत्र, जस्तै बाजार पहुँच, गैर-शुल्क उपाय र नियामक सहयोग,मा चर्चाको आशा छ । दुबै नेताद्वारा भारत-यूरोपीय संघ व्यापार र आर्थिक साझेदारीलाई बलियो गर्ने साझा महत्वाकाङ्क्षाको पुष्टि गर्ने आशा छ ।

## 35 माओवादी आत्मसमर्पण

छत्तीसगढ़को काङ्केर जिल्लामा आज इक्काइसजना माओवादीहरूले आत्मसमर्पण गरे । इनमा तेह्र महिला माओवादी पनि शामेल छन् । माओवादीहरूले पुलिसलाई अठारह बटा हथियार सुम्पिए । यिनीहरूका पासबाट तीन एके-47 राइफल, चार एस.एल.आर र विस्फोटक सामग्री बरामद गरिएको छ । पुलिसले बताए अनुसार , आत्मसमर्पण गर्ने माओवादीहरू लामो समयदेखी बस्तर संभागको विभिन्न इलाकामा सक्रिय थिए।

## दिल्ली पुलिस

दिल्ली पुलिसले साइबर जागरूकता अभियान र छठ पर्वलाई एकसाथ जोड्दै अनौठो पहल अघि सारेको छ। पुलिसको जानकारी अनुसार, छठ घाटहरूमा दुई हजारभन्दा बढी प्रहरी कर्मचारीहरू तैनाथ गरिएको छ। साथै, सीसीटीभी र ड्रोनको माध्यमबाट पनि घाटहरूमा सतर्क निगरानी राखिएको छ। दक्षिण–पूर्वी दिल्लीका पुलिस उपाधीक्षक हेमन्त तिवारीले बताए अनुसार, छठ पर्वको अवसरमा सबै श्रद्धालुहरूलाई साइबर क्राइमबारे सचेत गराइरहेको छ, जसले गर्दा नागरिकहरूलाई साइबर ठगी र अनलाइन धोखाधडीबाट बचाउन सहयोग पुग्नेछ।

## तेलंगाना - बारिश

मौसम विभागले बंगालको खाड़ीमा बनेको  दबावका कारण भोली देखी तीन दिन सम्म तेलङ्गानाको केही भागमा तेज बर्षाको  अनुमान व्यक्त गरेकोछ । हैदराबाद मौसम केन्द्रले बताए अनुसार , यसको प्रभावले तेलङ्गानाको केही भागमा विशेषगरि दक्षिणी र पूर्वी जिलामा भारी बर्षा हुने संभावना छ।

-------------